भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2020.06

***नोभल कोरोना भाइरसको असरको कारण यसमा लेखिएका कुराहरू रद्द तथा परिवर्तन गरिन सकिने हुनाले, विस्तृत विवरणको लागि सम्बन्धित जानकारीमा लेखिएको होमपेजमा गई निश्चय गर्नुहोस्।**

## ओता सहर युवा आदानप्रदान केन्द्र “युइच्चु” को जानकारी






ओता सहर युवा आदानप्रदान केन्द्र “युइच्चु” खेलकुद, संगीत, विभिन्न प्रकारका आदानप्रदान तथा तालिम जस्ता विभिन्न क्षेत्रका सामूहिक गतिविधिहरूको लागि प्रयोग गर्न सकिने सुविधा हो। यस केन्द्रमा सामूहिक प्रयोजनका सुविधाहरूकासाथ साथै पश्चिमी शैलीको कोठाहरूमा समूहमा आबद्ध नभएको व्यक्तिहरू पनि राती बस्न सक्छन्। यस केन्द्र भित्रको आराम गर्ने ठाउँमा 11:00am~3:00pm (अन्तिम अडर 2:30pm) सम्म लन्च खान सकिन्छ। यस केन्द्रबारे अझ धेरै थाहा पाउन चाहने व्यक्तिले ओता सहर युवा आदानप्रदान केन्द्र “युइच्चु” को होमपेज हेर्नुहोस्।

| | |
|---|---|
| काउन्टर खुला समय | हरेक दिन 9:00am~8:00pm डिसेम्बर 29 तारिख~अर्को वर्षको जनवरी 3 तारिकसम्म बन्द रहनेछ। |
| शुल्क | समूहको सदस्यको उमेर आदि अनुसार प्रयोग शुल्क फरक छ। होमपेजमा हेर्नुहोस्। |
| कति जना | समूह भएमा 5 जना वा सोभन्दा बढी (पश्चिमी शैलीको कोठामा 1 जनादेखि बस्न सकिन्छ।) |
| आवेदन दिने तरिका | आवेदन फारम (केन्द्रमा राखिएको छ। होमपेजमा पनि छ) लिएर केन्द्रमा जानुहोस् । अथवा हुलाक मार्फत केन्द्रमा पठाउनुहोस्। |
| सम्पर्क | युवा आदानप्रदान केन्द्र “युइच्चु” (हेइवाजिमा 4-2-15)<br>☎ 03-6424-5101 FAX 03-6424-5120<br>E-mail info@yuits.jp URL https://yuits.jp |

## ओता सहरको कम्युनिटी साइकल प्रयोग गर्नुहोस्।

ओता सहरको कम्युनिटी साइकल भनेको आफूले चाहेको ठाउँमा प्रयोग गर्नको लागि भाडामा लिई, आफूले चाहेको ठाउँमा फिर्ता गर्न सकिने “साइकल सेयर सेवा” हो। टोक्यो महानगरपालिका को 10 सहर भित्र भए जुनसुकै “सियर साइकल पोर्ट” बाट पनि भाडामा लिन र फिर्ता गर्न सकिन्छ। ओता सहरको लगभग 80 ठाउँहरूमा पोर्टहरू छन्। कार्यालयमा जाने वा घर फर्कने, सपिङ जाने, घुमफिर गर्ने जस्ता आफूलाई चाहिएको बेला प्रयोग गर्न सकिन्छ। (प्रयोग गर्नको लागि सदस्य दर्ता गर्नु पर्नेछ।)




| | |
|---|---|
| कहिले | 24 घण्टा नै प्रयोग गर्न सकिन्छ |
| कहाँ | टोक्यो महानगरपालिका भित्रको लगभग 830 ठाउँहरू (ओता सहरमा लगभग 80 ठाउँहरू) |
| शुल्क | 165 येन~/30 मिनेट |
| कति जना | दर्ता गरेको 1 जनाले 1 वटा साइकल प्रयोग गर्न सकिने |
| आवेदन दिने तरिका | WEB साइटबाट सदस्य दर्ता |
| आवेदन दिने ठाउँ | URL https://docomo-cycle.jp/ota/en/ |

# बालबालिका भत्ताको लागि हालको पारिवारिक स्थितिको रिपोर्ट पेस तथा भुक्तानी महिना सम्बन्धी जानकारी

### हालको पारिवारिक स्थितिको रिपोर्ट पेस गर्नेबारे

जून महिना र त्यसपछि पनि 15 वर्ष वा सो भन्दा कम उमेरको बालबालिका भत्ता वा विशेष अवस्था भत्ता लिनको लागि, हालको पारिवारिक स्थितिको रिपोर्ट पेस गर्नुपर्नेछ। यो भत्ता लिन सक्ने परिवारलाई जूनको 1 तारिखदेखि 10 तारिख भित्र हुलाक मार्फत सम्बन्धित फाराम पठाइनेछ। जून भित्र उक्त फाराममा हुलाक मार्फत पठाई पेस गर्नुहोस्। याद राख्नुहोस् कि शाखा कार्यालयमा उक्त फाराम लिइने काम गरिंदैन।

### जूनमा रकम ट्रान्सफर गरिने दिन

रेइवा 2 साल फेब्रुअरी~मे महिनाको भत्ता जून 9 तारिखमा खातामा ट्रान्सफर गरिनेछ।

*वित्तीय संस्था अनुसार तपाईंको खातामा रकम ट्रान्सफर हुन 2~3 दिन लाग्न सक्छ।

### बालबालिका भत्ता (सीमा रकम भन्दा कम आय भएको व्यक्ति)

| उमेर वर्गीकरण | भुक्तानी रकम (मासिक) |
|---|---|
| 3 वर्ष भन्दा कम उमेर (सबै बच्चाहरू) | मासिक 15,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (पहिलो र दोस्रो बच्चा) | मासिक 10,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (तेस्रो बच्चा वा सोभन्दा पछिका बच्चाहरू) | मासिक 15,000 येन |
| निम्न माध्यामिक विद्यालयको विद्यार्थी (15 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएको बालबालिका) (सबै बच्चाहरू) | मासिक 10,000 येन |

*पालन-पोषण गरिरहेको 18 वर्ष वा सोभन्दा कम उमेरको बालबालिका (18 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएका बालबालिकाहरू) देखि पहिलो बच्चाको रूपमा गन्ती गरिनेछ।

### विशेष अवस्था भत्ता (सीमा रकम भन्दा बढी आय भएको व्यक्ति)

निम्न माध्यमिक विद्यालयसम्मको बालबालिका (सबै बच्चाहरू)
…मासिक 5,000 येन

### हुलाक मार्फत फाराम पेस गर्नुहोस्।

पत्रसँगै पठाइने फिर्ता पठाउने खाममा (कृपया आफैले हुलाक टिकट टाँस्नुहोस्) हालेर हुलाक मार्फत पठाई पेस गर्नुहोस्।

**आवेदन दिने ठाउँ सम्पर्क**

बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी
☎ 03-5744-1275　FAX 03-5744-1525　E-mail　t-kod-ko@city.ota.tokyo.jp
URL　https://www.city.ota.tokyo.jp/seikatsu/kodomo/teate/jidouteate/jidou.html



# शिक्षा परामर्श क्लास सम्बन्धी जानकारी

■ बच्चाको शिक्षा र स्वभाव, बच्चाको व्यवहार सम्बन्धी चिन्ता वा विकास सम्बन्धी समस्याहरूबारे फोन मार्फत वा प्रत्यक्ष भेटेर परामर्श दिइन्छ।
■ इजिमे (अरूले बच्चालाई गिजाउने, तर्साउने, हेप्ने आदि गरी पीडा दिने कार्य), बच्चाको साथीसँगको सम्बन्ध जस्ता दैनिक जीवनमा आइपर्ने समस्याहरू वा बच्चाको अध्ययन तथा भविष्यको चिन्ताबारे फोन मार्फत वा प्रत्यक्ष भेटेर परामर्श दिइन्छ।
■ बच्चाको स्थिति अनुसार घरमा गई भेट्ने र कल्याण सेवा आदिको जानकारी प्रदान गर्ने र सम्बन्धित निकायसँग सहकार्य गरिन्छ।

### परामर्श लिन पाउने व्यक्ति

■ ओता सहरमा बसोबास गर्ने, अनिवार्य शिक्षा पूरा नगरेका बालबालिका वा विद्यार्थी र अभिभावकहरू
■ अनुकूलन निर्देशन क्लास "चुबासा" मा आउने इन्छा भएका बालबालिका वा विद्यार्थीहरू

### परामर्श लिने तरिका

■ अग्रिम रूपमा फोनद्वारा परामर्श लिन चाहने कुरा र क्लासमा आउने मिति बताई नाम लेखाउनुहोस्।
■ कुनै पनि बेला फोनमा परामर्श लिन सकिनेछ।
*जापानी भाषा बोल्ने मान्छेलाई सम्पर्क गर्न लगाउनुहोस्। साथै दोभासे आवश्यक भएमा, पहिले नै भन्नुहोस्।

### परामर्श मिति र समय

सोमबार~शुक्रबार 9:00am~7:00pm　शनिबार र आइतबार 9:00am~5:00pm
*वर्षको सुरु र अन्त्य र सार्वजनिक बिदा बाहेक

**सम्पर्क**

शिक्षा केन्द्र
शिक्षा परामर्श क्लास
☎ 03-5748-1201　FAX 03-5748-1390

# विदेशी भाषामा मानव अधिकार परामर्श डायल

विदेशी नागरिक भएको कारण रोजगार नदिइएको, विद्यालयमा बच्चालाई गिजाउने, तर्साउने, हेप्ने आदि (इजिमे) गरिएको, अपार्टमेन्टमा नराखिएको जस्ता मानव अधिकारसँग सम्बन्धित समस्याहरू भइरहेका छन्। यदि तपाईंलाई यस्ता समस्याहरूले पिरोलेको छ भने न्याय मन्त्रालयको "विदेशी भाषामा मानव अधिकार परामर्श डायल" प्रयोग गर्नुहोस्। अंग्रेजी, चाइनिज, कोरियन, टागालाग, पोर्चुगिज र भियतनामिज भाषाहरूमा सेवा उपलब्ध छ।

**कहिले** सोमबार~शुक्रबार 9:00am~5:00pm (वर्षको सुरु र अन्त्य बाहेक)

**कहाँ** टोक्यो न्यायिक मामिला ब्युरो चियोदा सहर, कुदान मिनामी 1-1-15, कुदान नं 2 संयुक्त सरकारी भवन

**शुल्क** नि:शुल्क

**सम्पर्क**
विदेशी भाषामा मानव अधिकार परामर्श डायल (नाभी-डायल)
☎ 0570-090911
URL http://www.moj.go.jp/JINKEN/jinken21.html

# निवासी कर भुक्तानीबारे

पहिलो चरणको विशेष सहर कर र महानगरपालिका कर (निवासी कर) भुक्तानी गर्ने अन्तिम दिन जून 30 तारिख हो। भुक्तानी म्यादसम्ममा कर भुक्तानी गर्नुहोस्। दोस्रो चरणको कर भुक्तानी गर्ने अन्तिम दिन अगस्ट 31 तारिख हो। नबिर्सीकन कर भुक्तानी गर्न अनुरोध गर्दछौँ। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेज हेर्नुहोस्।

**सम्पर्क**
कर भुक्तानी शाखा
☎ 03-5744-1205 FAX 03-5744-1517
URL https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

# सहरवासीलाई सुरक्षित तथा ढुक्क महसुस गराउने इमेल सेवाबारे

हामी दर्ता गरेको व्यक्तिलाई इमेल मार्फत मौसम, भूकम्प र सुनामी सम्बन्धी सूचना पठाउँछौँ। अब धेरै पानी पर्ने वर्षा ऋतु आउँछ। विपद् आइहालेको बेलाको लागि दर्ता गरिराखौँ।

## के-कस्ता जानकारी पाउन सकिन्छ?

1 मौसम **ओता सहरमा निम्न चेतावनी वा विशेष चेतावनी जारी गरिएको बेला**

*"चेतावनी": सबैजनालाई जानकारी गराइन्छ "खतरा छ! सावधान रहनुहोस्!"

चेतावनी: ठूलो वर्षा, बाढी, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुन्द्रको छाल, समुन्द्री आँधी

चेतावनी: ठूलो वर्षा, बाढी, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुन्द्रको छाल, समुन्द्री आँधी

2 भूकम्प **ओता सहरमा भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) 3 वा सोभन्दा बढीको भूकम्प आएको बेला**

3 सुनामी **टोक्यो बे भित्रको बेमा सुनामी चेतावनी वा ठूलो सुनामी चेतावनी प्रकाशित गरिएको बेला**

## विस्तृत जानकारीको लागि ओता सहरको होमपेज हेर्नुहोस्।

| | |
|---|---|
| चाइनिज | https://www.city.ota.tokyo.jp/seikatsu/chiiki/bousai/suigai/chinesemail.html |
| कोरियन | https://www.city.ota.tokyo.jp /seikatsu/chiiki/bousai/suigai/hangulmail.html |
| टागालग | https://www.city.ota.tokyo.jp /seikatsu/chiiki/bousai/suigai/tagalogmail.html |
| अंग्रेजी | https://www.city.ota.tokyo.jp /seikatsu/chiiki/bousai/suigai/englishmail.html |
| जापानी | https://www.city.ota.tokyo.jp /seikatsu/chiiki/bousai/suigai/multilingualmail.html |

## कसरी दर्ता गर्न सकिन्छ?

**[1] निम्न इमेल एड्रेसमा एउटा खाली इमेल (केही पनि नलेखीकन) पठाउनुहोस्।**

kumin-en@anzen.city.ota.tokyo.jp.............. अंग्रेजी
kumin-ch@anzen.city.ota.tokyo.jp.............. चाइनिज
kumin-ko@anzen.city.ota.tokyo.jp.............. कोरियन
kumin-ta@anzen.city.ota.tokyo.jp .............. टागालाग

**[2] त्यसपछि तपाईंलाई पठाइने इमेलमा भएको URL मा गएर, स्क्रिनमा प्रदर्शित निर्देशन अनुसार दर्ता गर्नुहोस्**

*खाली इमेल पठाएपछि, तपाईंलाई इमेल नआएको खण्डमा,

- "anzen.city.ota.tokyo.jp" नामक डोमेनबाट पठाइएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।
- URL भएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।

**सम्पर्क**
विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा
☎ 03-5744-1634 FAX 03-5744-1519
E-mail bousai@city.ota.tokyo.jp
URL
https://www.city.ota.tokyo.jp/seikatsu/chiiki/bousai/bouhan/anzenmail.html

# अंग्रेजी चित्र किताब कथा कथन कार्यक्रमको जानकारी

कथा कथन स्वयं सेवक समूह “लुपिन्स् (Lupines)” द्वारा अंग्रेजीमा चित्र किताब पढेर सुनाउने, तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने), गीत गाउने आदि पनि गरिन्छ। चित्र हामी चित्र किताबको माध्यमबाट बालबालिकालाई अंग्रेजी भाषासँग परिचित गराई, शान्त र समृद्ध तरिकामा बालबालिका हुर्कने वातावरण प्रदान गर्दछौँ।




| | | | |
|---|---|---|---|
| कहिले | दुईले भाग गर्न सकिने महिनाको चौथो शनिबार 11:00 am~ | कति जना | 50 जना |
| कहिले | ओता सहर इकेगामी पुस्तकालय | आवेदन दिने तरिका | आवेदन दिनु पर्दैन |
| शुल्क | नि:शुल्क | सम्पर्क | इकेगामी पुस्तकालय (इकेगामी 3-27-6)<br>☎ 03-3752-3341　FAX 03-3752-9749 |

# विदेशी नागरिकहरूको लागि किताब सम्बन्धी जानकारी

ओमोरी-मिनामी पुस्तकालयमा NPO तादोकु सपोटर्सद्वारा सङ्कलन तथा सम्पादन गरिएको ”निहोन्गो तादोकु बुक्स्” राखिएको छ। गाह्रो र सजिलो किताब छुट्याइएको छ। यी किताबहरू छोटो र सजिलो जापानी भाषामा लेखिएको छ। यी किताबहरूमा किताब भित्र लेखिएका कुराहरू सुन्न सकिने सुविधा पनि भएको हुनाले जापानी भाषा अध्ययन गरिरहेका व्यक्तिहरूको लागि यी किताबहरू सिफारिस गर्दछौँ। ओमोरी-मिनामी पुस्तकालयमा विशेष गरी चाइनिज र कोरियन भाषाको किताबहरू धेरै राखिएको छ। हामीले अप्रिलमा नयाँ किताबहरू थपेका छौँ। ओमोरी-मिनामी पुस्तकालयमा भोइस ट्रान्सलेटर (आवाज अनुवाद मेसिन) ”पोकेटक” राखिएको छ। जापानी भाषा बुझ्न र जापानी भाषामा बोल्न कठिनाइ हुने व्यक्तिले पनि पुस्तकालय प्रयोग गर्न सक्छन्।












## संकोच नमानीकन पुस्तकालयमा आउनुहोस्।

ओता सहरको पुस्तकालयमा जापानी भाषामा लेखिएको किताब मात्र नभईकन विदेशी भाषामा लेखिएको किताबहरू पनि राखिएको छ। सामान्य प्रयोगकर्ताहरूको लागि उपन्यास तथा ज्ञानगुनका कुराहरू लेखिएका किताबदेखि बालबालिकाको लागि चित्र किताबसम्म, विभिन्न किताबहरू राखिएको हुनाले, पुस्तकालयमा आउन नबिर्सनुहोला।

| | |
|---|---|
| सम्पर्क | ओमोरी-मिनामी पुस्तकालय (ओमोरी-मिनामी 1-17-7)<br>☎ 03-3744-8411<br>FAX 03-3744-8421<br>URL　https://www.lib.city.ota.tokyo.jp/ |

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14　☎ 03-5744-1227　FAX 03-5744-1323